आज मिति २०८१/०२/११ गते शुक्रबार दिन यस सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको तेह्रौं बैठक बसी देहायका विषयमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्णबहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जालबहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | चक्रबहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोक्का | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | मोहनकुमार श्रेष्ठ | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अधिकृत स्तर छैठौं | रामबहादुर न्यौपाने | |
| २. | लेखापाल | प्रकाश बस्नेत | |

CamScanner

**गाउँ कार्यपालिकाको तेह्रौं बैठकको कार्यसूचि**

१. विगतका निर्णयको समीक्षा सम्बन्धमा।

२. आगामी आर्थिक बर्षको बजेट सम्बन्धमा।

३. कार्यालयले विगतमा भाडामा लिई छाडेको भवनमा रंग रोगन सम्बन्धमा।

४. पहरी जीवनस्तर सुधारका लागि पशुपालन र बजारमा पहुँच कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

५. कृषि तथा पशु विकास प्रवर्दधन कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

६. वडा नं. २ मा प्रदेश सरकारको समपुरक अनुदानमा बाबुरामचोक रैकर सडक ठोकर्पा मा.वि. पोखरेली टोल काफ्ले सडक स्तरीकरण सम्बन्धमा।

७. शिक्षा समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा।

८. आर्थिक सहायता माग भई आएको सम्बन्धमा।

९. जिल्ला समन्वय समितिको मौज्दात कोषबाट सञ्चालन हुने गरी थप योजना छनौट सम्बन्धमा।

१०. कृषि तथा पशु विकासमा आधारित साना किसान उद्यमशीलता कार्यक्रममा सम्झौता बमोजिम भैसी, गाई तथा बाख्रा खरिद गरी फाइल पेश गरेका कृषकको पशु वस्तु वीमा सम्बन्धमा।

११. समपुरक म्याचिङ फण्डको रकम सम्बन्धमा।

१२. वडा स्तरीय योजनाको शीर्षक परिवर्तन सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा बाह्रौ गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो। अधिकांश निर्णय कार्यान्वयन सन्तोषजनक रुपमा भइसकेको बाँकी निर्णयहरु समेत कार्यान्वयनको चरणमा रहेको पाइयो।

२. प्रस्ताव न.२ माथि छलफल गर्दा आर्थिक बर्ष २०८१/०८२ को लागि यस आर्थिक बर्षको चैत मसान्तसम्ममा संघ तथा प्रदेश सरकाबाट प्राप्त हुने विभिन्न किसिमका अनुदान, राजस्व बाँडफाँट र रोयल्टीको सीमा प्राप्त हुन नसकेको हालसम्म गाउँपालिकाको आन्तरिक श्रोत र वित्तीय समानिकरण तर्फको मात्र अनुमानित विवरण प्राप्त भई कूल बजेट सीमा निक्यौंल गर्न कठिनाइ भएको,

अर्कोतर्फ, नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट तयार भएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा स्थानीय तहको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका चरणमा व्यवस्था भएको समयतालिकामा रहेको बजेट पूर्व तयारीको क्र.सं. ४ सम्मका कार्य समयमै सम्पन्न भएको र बाँकी क्रियाकलाप सञ्चालनार्थ कार्य गर्न ढीलो भइसकेको,

क्र.सं. ५ मा रहेको विषयगत क्षेत्र विभाजन अन्तर्गत सदस्यहरुलाई विगतमा दिइएको विषय क्षेत्रको संयोजकलाई नै यथावत राखी सम्बन्धत शाखाका प्रमुख कर्मचारी सदस्य तथा सो समिति अन्तर्गत रहने सबैभन्दा माथिल्लो पदमा रहेका कर्मचारीलाई सदस्य सचिव तोक्ने र बार्षिक बजेट निर्माणको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएका वडा समिति, स्थानीय राजस्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति लगायतलाई कानून बमोजिम सक्रियतापूर्वक बजेट तर्जुमामा क्रियाशिल गराई हाल कूल बजेट निक्यौंल नभएतापनि तत्काल समयतालिकाको क्र.सं. ७ मा रहेको गै.स.स., उपभोक्ता समिति, सहकारी संस्था, आदिसँग बजेट सम्बन्धमा पूर्व बजेट छलफल तत्काल गर्दै बाँकी कार्य अगाडी बढाउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आफ्नै प्रशासनिक भवन नभएको कारण गाउँपालिकाको घोषणा भएदेखि नै भाडामा सुनकोशी गाउँपालिका वडा नं. ७ स्थित पाङ्ग्रेटार श्री ओमबहादुर कार्की र ज्ञानबहादुर श्रेष्ठको घरमा समेत कार्यालयको विभिन्न शाखा चलाउँदै आएकोमा उक्त घरहरु साँघुरो भई खाडीचौर नजिकै पाङ्ग्रेटारमा कार्यालय सरको विगतमा कार्यालय सञ्चालन भइरहेको घरहरुको सम्झौता हुँदा घर छाड्दा रंगरोगन समेत गर्नु पर्ने सम्झौताको शर्तमा रहेको हुँदा उक्त प्रयोग गरिएको भवनको रंगरोगनको लागि प्राविधिक लागत अनुमान समेत तयार भई सकेको हुँदा सोही बमोजिम यस आर्थिक बर्षको बार्षिक बजेटमा रहेको सरसफाई तथा अन्य सेवा शीर्षकबाट खर्च हुने गरी सार्वजनिक खरिद ऐन, २०६३ र सुनकोशी गाउँपालिका सार्वजनिक खरिद नियमावली,२०७९ मा भएको व्यवस्था बमोजिम रंगरोगन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालू आर्थिक बर्षको लागि गाउँपालिकाको वडा नं. १ मा सञ्चालन हुने गरी प्रदेश सरकारको विशेष अनुदानको रुपमा यस गाउँपालिकालाई प्राप्त भएको बजेटबाट सो वडामा बसोबास गर्ने सबै समुदायलाई लक्षित गरी २४२ पाठी खरिदको लागि शिलबन्दी बोलपत्र आव्हान भएकोमा सो बोलपत्रमा कसैले पनि भाग नलिएको र एकमुष्ट बाख्राको पाठी उपलब्ध हुन नसक्ने र पहरी जस्तो सीमान्तीकृत समुदायको लागि प्राप्त बजेटबाट लाभ दिलाउन नसकिने भएको हुँदा सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा सबै पहरी समुदाय नछुट्ने गरी बाख्राको पाठी, मकै छोडाउने मेशीन तथा प्लाष्टिक पोखरी वितरण गर्ने गरी कार्यक्रम बनाई लागू गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिकाको वडा नं. २ मा प्रदेश सरकारको सशर्त अनुदानको रुपमा कृषि तथा पशु विकास प्रवर्दधन कार्यक्रमको लागि अन्तरसकारी वित्तीय हस्तान्तरण मार्फत गाउँपालिकामा रकम प्राप्त भएकोमा सो कार्यक्रम सञ्चालनको लागि २ नं. वडा कार्यालयले सूचना प्रकाशन गरी तीन वटा प्रस्ताव वडा कार्यालयमा दर्ता गरी सो को मूल्याङ्कन गरी पठाइदिन भनी मिति २०८१।०२।०१ मा पत्राचार भएकोमा सो मूल्याङ्कन सम्बन्धमा द्विविधा भई गाउँपालिकाले राय माग गरी पठाएको र जवाफमा वागमती प्रदेश सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय हेटौडा नेपालले समेत स्थानीय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा ७ बमोजिम निश्चित मूल्याङ्कन मापदण्डको आधारमा मूल्याङ्कन समित गठन गरी साझेदार छनौट गर्न मिति २०८१।०१।३० को च.नं. १३१० पत्रबाट लेखी आएको

टीकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

एकातिर स्पष्ट मापदण्ड र मूल्याङ्कन समितिको खाका उपलब्ध नभएको अर्कोतर्फ कार्यक्रम सञ्चालन गर्न ढीला भइसकेको हुँदा वडा कार्यालयमा दर्ता भई प्राप्त तीनवटा प्रस्तावहरुमध्ये सबैभन्दा कम रु. १४,२५,०००। रकम बराबरको प्रस्ताव गरी दर्ता हुन आएको पिङडाँडा साना किसान सहकारी संस्था लि. सुनकोशी-२ ठोकर्पालाई छनौट गरी सम्झौता गर्न र यथाशक्य छिटो कार्यक्रम सञ्चालन गरी सम्पन्न गर्न गराउन कार्यलय, वडा कार्यालय र छनौट भएको प्रस्तावकलाई निर्देशन दिने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँपालिकाको वडा नं. २ मा बागमती प्रदेश सरकारबाट यस आर्थिक बर्षमा हस्तान्तरित समपुरक अनुदान तथा गाउँपालिकाको पचास प्रतिशत समपुरक समपुरक अनुदानमा ठोकर्पा मा.वि. पोखरेली टोल काफ्ले सडकको लागि विनियोजित रु. एक करोडबाट कार्यान्वयनको लागि आव्हान भएको शिलबन्दी बोलपत्रको माध्यमबाट छनौट भएको बोलपत्रदातासँगको सम्झौता बमोजिम कार्य सम्पन्न भई प्राविधिक मूल्याङ्कन बमोजिम क्रमश रु. ५७७४२१२।४१ भुक्तानी भई प्रदेश समपुरक तर्फ रु. २८,८७,१०६।०५ बचत हुन गएको र बाबुरामचोक रैकर सडकको लागि विनयोजित रु. एक करोडबाट कार्यान्वियनको लागि आव्हान भएको शिलबन्दी बोलपत्रको माध्यमबाट छनौट भएको बोलपत्रदातासँगको सम्झौता बमोजिम कार्य सम्पन्न भई प्राविधिक मूल्याङ्कन बमोजिम क्रमश रु. ५७६४८१३।७६ भुक्तानी भई प्रदेश समपुरक तर्फ रु. २८,८२,४०६।८८ बचत भएको हुँदा र दुबै सडकहरुको केही भाग स्तरोन्नतीको कार्य सम्पन्न बाँकी रहेको हुँदा प्रदेश समपुरक तर्फको रकमबाट प्राविधिक लागत अनुमान तयार गरी लागत अनुमान बमोजिम उपयुक्त माध्यमबाट प्राविधिक लागत अनुमान बमोजिमको निर्माण कार्य सम्पन्न गर्न निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०८१।०२।०८ मा बसेको गाउँ शिक्षा समितिले गरेका निर्णयहरुमध्ये तपसिल बमोजिमको निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. गौखुरेश्वर आधारभूत विद्यालय सुनकोशी- ७ र सरस्वती आधारभूत विद्यालय सुनकोशी-५ मा यस शैक्षिक शत्रमा कक्षा ४ र ५ मा विद्यार्थी भर्ना नभएको हुँदा यस शैक्षिक शत्रमा क्रक्षा ३ सम्म मात्र सञ्चालन गर्ने गरी अनुमोदन

२. माध्यमिक तहसम्म सञ्चालनमा रहेको तर विषयगत शिक्षक अभावका कारण गाउँपालिकाभित्रका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न कठिन भएको हुँदा गाउँपालिकाभित्र तल्लो तहमा अध्यापनरत माथिल्लो योग्यता हासिल गरेका शिक्षकहरुलाई व्यवस्थापन गर्नको लागि आवश्यक अध्ययन तथा सिफारिस गर्न कार्यदल गठन भएकोमा सो को अनुमोदन

३. गाउँपालिकाभित्र सञ्चालनमा रहेको सामुदायिक विद्यालयहरुले २०८१ श्रावण १ गतेबाट विद्यार्थीहरुबाट अनिवार्य रुपमा कुनै किसिमको शुल्क लिन नपाउने र सबै विद्यालयलाई पत्राचार गर्ने निर्णय अनुमोदन

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा गाउँपालिकाका तपसिल बमोजिमले आर्थिक सहायता माग गर्नु भएको हुँदा तपसिल बमोजिम रकम आर्थिक सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | माग गर्नेको नामथर | वडा नं. | माग गर्नाको कारण | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|

टीकेन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

महेन्द्रकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १. | राम मिजार | ४ | आगोले जलेर सख्त घाइते | ७५,०००। | |
| २. | नीरा भण्डारी | ५ | मेनिन्जाइटिस | ५०,०००। | |
| ३. | रश्मिता पौडेल | ७ | शरीरको तल्लो भाग नचल्ने | ५०,०००। | |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा जिल्ला समन्वय समिति सिन्धुपाल्चोक, चौताराको मौज्दात कोष तथा गाउँपालिकाको संयुक्त साझेदारीमा सञ्चालन हुने गरी यस गाउँपालिका अन्तर्गतका विभिन्न १२ वटा योजनाहरु छनौट गरी पठाइएको र जिल्ला समन्वय समितिको मौज्दात कोष निर्देशिका,२०७५ अनुरुप नभएका कारण जिल्ला समन्वय समितिको बैठकबाट दुइवटा मात्र छनौट भएको

निर्देशिका अनुरुप हुने गरी गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा तपसिल बमोजिमका थप योजनाहरु छनौट गरी जिल्ला समन्वय समिति सिन्धुपाल्चोक, चौतारामा पठाउने र जिल्ला समन्वय समितिबाट छनौट भई आएका योजनामा नियमानुसार लागत सहभागिता समेत व्यहोर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | वडा नं. | लागत रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | कमेरो खोला माने लिफ्ट खानेपानी योजना | २ | ३५,००,०००। | |
| २. | वडा कार्यालय भवन तल्ला थप | ३ | २०,००,०००। | |
| ३. | वडा कार्यालय भवन तल्ला थप | ४ | २०,००,०००। | |
| ४. | वडा कार्यालय भवन तल्ला थप | ५ | ३०,००,०००। | |
| ५. | रतनकोट शिल्कु खानेपानी योजना | ५ | ४०,००,०००। | |
| ६. | ढुङ्गाछाप अम्बोटे खानेपानी योजना | ४ | २०,००,०००। | |
| ७. | पहरीवस्ती स्वास्थ्य इकाइ भवन निर्माण | १ | २५,००,०००। | |

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा कृषि तथा पशु विकासमा आधारित साना किसान उद्यमशीलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा १५ मा व्यवस्था भए बमोजिम कार्यक्रम कार्यान्वयन समितिको सिफारिसमा गाउँपालिकासँग गाई, भैंसी तथा बाख्रा पालनको निमित्त सम्झौता गरी तोकिएको पशु वस्तु खरिद गरेका तथा तोकिएको पशु वस्तुको वीमा गर्न यस गाउँपालिकामा वीमा गर्नको लागि राष्ट्रिय वीमा समितिबाट अनुमति प्राप्त अभिकर्ता पिङ्डाँडा साना किसान सहकारी संस्था लि. सुनकोशी-२ मार्फत आधिकारिक कम्पनीसँग गर्ने, वीमाको लागि प्राविधिक सहयोग सम्बन्धित

रविन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

वडा हेर्ने पशु प्राविधिक मार्फत गर्न र सो को लागि आवश्यक सम्झौताको प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा संघीय सरकार तथा प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकाले समेत समपुरक रकम व्यहोरी सञ्चालनको लागि स्वीकृत रतनकोट वडा कार्यालय सडक, लप्से खोला काप्साल सडक, बाबुराम चोक रैकर सडक तथा जिमाल टोल माख्ला गाउँ सडक योजनाको बोलपत्र आव्हान भई सम्झौता समेत सम्पन्न भई उक्त योजनाहरुको सम्झौता पश्चात बाँकी गाउँपालिका तर्फ बाँकी रहेको रकमबाट २०८० माघ २८ को आठौँ गाउँ कार्यपालिकाको सुनकोशी गाउँपालिका वडा नं. ७ को डाँडाडिही भडारेपानी काप्सल सडक स्तरोन्नती गर्ने कार्यको लागि ठेक्का आव्हान भएकोमा ठेक्का लगाई बचत रहन गएको रकमबाट वडा नं. ७ मा रहेको लप्से खोला काप्साल सडक स्तरोन्तीको कार्य गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा गाउँसभाबाट स्वीकृत भएका ४ नं. वडाका तपसिल बमोजिमका कार्यक्रम तथा विभिन्न वडाका योजनाहरु यथा स्थितमा कार्यान्वयनमा समस्या आएको र कार्यक्रम/योजनाको प्रभावकारीताको लागि देहायका योजनाहरुलाई देहाय बमोजिम संशोधन गरी यथाशीघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

| [illegible] | साविक योजना/कार्यक्रमको नाम | विनियोजित रकम रु. | संसोधित योजना/कार्यक्रमको नाम | संशोधित रकम रू. |
|---|---|---|---|---|
| [illegible] | सिमपानी मानेडाँडा खानेपानी | १,००,०००/- | शीलापर्वत पैदलमार्ग | १,००,०००/- |
| [illegible] | -यमुनाडाँडा तोरीवारी सड्क निर्माण<br>-खेलकुद कार्यक्रम(ताइकाण्डो) | ३,००,०००/-<br>१,००,०००/- | उतिसिनि भिरकुले गणेश मा.वि. सडक स्तरोन्नती | ४,००,०००/- |

४।११५



CamScanner